
# प्रेस विज्ञप्ति

२०८२-०२-१६

धुम्रपान तथा सुर्तीजन्य पदार्थ मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक छ भन्ने सर्वविदितै छ । सुर्तीजन्य पदार्थको सेवनका कारण हुने ८० प्रतिशत मृत्यु न्यून तथा मध्यम आय भएका मुलुकहरुमा हुने गर्दछ । नेपालमा मात्र सुर्तीजन्य पदार्थको सेवनबाट हरेक वर्ष ३९ हजार भन्दा बढी मानिसहरुको अल्पआयुमै मृत्यु हुने गरेको छ। सुर्तीजन्य पदार्थको सेवनका कारण देशको अर्थतन्त्रमा पर्ने आर्थिक भार पनि कम छैन। सन् २०१७ मा नेपालमा सुर्तीजन्य पदार्थ सेवनको आर्थिक भार ४७ अर्ब भन्दा बढी थियो र यो झन्झन् बढ्दै गइरहेको छ।




## सुर्तीजन्य पदार्थ नियन्त्रण गर्न महँगो होइन झन सस्तो बनाउँदै सरकार

नेपालमा जनस्वास्थ्यको प्रमुख चिन्ताको रुपमा रहेको सुर्तीजन्य पदार्थलाई नियन्त्रण गर्न अत्यावस्यक रहेको बेला नेपाल सरकार भने जनस्वास्थ्यको मुद्दालाई भन्दा बढी हजारौंको ज्यान लिने, घरबार उजाडने र सामाजिक, आर्थिक र मानसिक उत्पीडनको कारक तत्व रहेको सुर्तीजन्य पदार्थको उत्पादनलाई प्रवर्धन गर्ने र त्यस्ता पदार्थका उत्पादकलाई संरक्षण गर्ने नीति अवलम्बन गर्दै छ ।आर्थिक वर्ष २०८२/८३ को बजेटमा सुर्तीको चुरोटमा केवल ३ देखि ५ प्रतिशतको झिनो बृद्धि र अन्य सूर्तिजन्य पदार्थमा शुन्य बृद्धिले सुर्तीजन्य पदार्थलाई

नियन्त्रण गर्ने तर्फ सरकारले जनतालाई झुक्याएर सुर्ती उद्योगलाई सम्बर्धन गरेको प्रष्ट देखिन्छ ।तलको टेबलबाट हेरौ सरकारले सुर्तीमा कर बढाएको भनिरहँदा वास्तवमै कति बढेको रहेछः

**गत आर्थिक वर्ष र यस आर्थिक वर्षमा सुर्तीको चुरोट(सिगरेट) मा लगाइएको अन्तःशुल्क**

| | फिल्टर नभएको (प्रति १००० खिल्ली मा | बढेको मूल्य (प्रति खिल्ली) | ७० एमएम सम्म लम्बाइको | बढेको मूल्य (प्रति खिल्ली) | ७० भन्दा बढी ७५ एमएम सम्म लम्बाइको (प्रति १००० खिल्ली) | बढेको मूल्य (प्रति खिल्ली) | ७५ भन्दा बढी ८५ एमएम सम्म लम्बाइको (प्रति १००० खिल्ली) | बढेको मूल्य (प्रति खिल्ली) | ८५ एमएम भन्दा बढी लम्बाइको (प्रति १००० खिल्ली) | बढेको मूल्य (प्रति खिल्ली) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०८१/८२ | ७५५ | | १७४० | | २३७० | | ३०६० | | ४२०० | |
| २०८२/८३ | ७७८ (+३%) | ७७८-७५५ रू २३ प्रति १००० खिल्ली, १ खिल्लीमा २.३ पैसा | १७९२ (+३%) | १७९२-१७४० = रू ५२ प्रति १००० खिल्ली, १ खिल्लीमा ५.२ पैसा | २४४१ (+३%) | २४४१-२३७०= रू ७१ प्रति १००० खिल्ली १ खिल्लीमा ७.१ पैसा | ३२१३ (+५%) | ३२१३ — ३०६० = रू १५३ प्रति १००० खिल्ली, १ खिल्ली मा १५.३ पैसा | ४४१० (+५%) | ४४१० — ४२०० = रू २१० प्रति १००० खिल्ली, १ खिल्ली मा २१ पैसा |

नोटः बृद्धि प्रति १००० खिल्लीमा हो

२००६/०७ देखि २०२२/२३ सम्म नेपालको औसत वार्षिक मुद्रास्फीति दर ७.४१ प्रतिशत रहेको छ। २०२४ मा वार्षिक मुद्रास्फीति दर ५.४२% थियो । यस आर्थिक वर्षमा प्रति खिल्ली चुरोटमा कर २.३ पैसा देखि २१ पैसा मात्र बृद्धि भएको छ । यस अर्थमा अर्थमन्त्रीद्वारा प्रेषित बजेटमा सुर्तीजन्य पदार्थ चुरोटको अन्तशुल्कमा भएको बृद्धि मुद्रास्फीतिसंग समायोजन गरी हेर्दा र अन्य सुर्तीजन्य पदार्थमा भएको शुन्य प्रतिशतको बृद्धिले सुर्तीजन्य पदार्थ झन सस्तो हुने प्रष्ट छ ।

## स्वास्थ्य जोखिम करमा छैन बृद्धि


नेपालमा सुर्तीजन्य पदार्थमा लगाइने स्वास्थ्य जोखिम कर न्यून रहेको र आर्थिक वर्ष २०७९/८० देखि एउटै दर यथावत रहेको छ ।

बिभिन्न आर्थिक वर्षमा लगाइएको स्वास्थ्य जोखिम कर

| वर्ष | बीडी प्रति खिल्ली (पैसा) | चुरोट/सिगार प्रति खिल्ली (पैसा) | सुर्ती, खैनी, गुट्खा, पान मसाला (रु प्रति केजी ) |
|---|---|---|---|
| २०७९/८० | ३० | ६० | ६० |
| २०८०/८१ | ३० | ६० | ६० |
| २०८१/८२ | ३० | ६० | ६० |
| २०८२/८३ | ३० | ६० | ६० |

## अन्तर्राष्ट्रिय सुझावहरूलाई बेवास्ता गर्दै सरकार

सुर्तीजन्य पदार्थको सेवनले मानव जीवनमा पार्न सक्ने नकारात्मक आर्थिक र सामाजिक परिणामहरूको कारणले नै गर्दा सुर्तीजन्य पदार्थ दिगो विकास लक्ष्य (लक्ष्य ३.क) मा स्पष्ट रूपमा उल्लेख गरिएका दुई मात्र उपभोग्य वस्तुहरू मध्ये एक हो। सुर्तीजन्य पदार्थका कारण बिपन्न बर्गका मानिसहरु थप गरिबीको दुष्चक्रमा फस्न सक्ने भएकाले त्यसलाई नियन्त्रण गर्न विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थमा कम्तीमा ७५ प्रतिशत कर लगाउनु पर्ने बताऊँदै आएको छ । तर नेपाल सरकारले बिगतमा झैं यस वर्ष पनि यसलाई नजरअंदाज गरेको छ। नेपालमा सुर्तीजन्य पदार्थमा लाग्ने कर अन्य दक्षिण एसियाली राष्ट्रहरुको भन्दा पनि धेरै कम छ । नेपालले यदि आफ्नो कदम नसच्याए दिगो विकास लक्ष्य अन्तर्गतको लक्ष्य ३ “स्वस्थ्य जीवन, समृद्ध जीवनस्तर” हासिल गर्न सक्ने सम्भावना निकै कम छ।




## आफ्नै वचन र नारा बुझ्न बिफल सरकार

“सुखि नेपाली, समृद्ध नेपाल” नाराका सर्जक प्रधानमन्त्री ओलीको नितिलाई अर्थमन्त्री विष्णु पौडेलले पक्कै बलियो टेको दिनेछन् र “स्वास्थ्य सुखी नेपाली” हासिल गर्न सुर्तीजन्य पदार्थमा करको दर पक्कै बढाउने छन् भन्ने आम

अपेक्षा थियो । सुर्तीजन्य पदार्थ नियन्त्रणमा नेपाल सरकारले गरेको कामको प्रशंसा गर्दै विश्व स्वास्थ्य संगठनले हालसालै दिएको सम्मानले नेपाल सरकारलाई यस कार्यमा थप हौसला प्रदान गर्नेछ भन्ने थियो । तर अपेक्षा विपरित आ.व २०८२/८३ को बजेटले सबैलाई निराश बनाएको छ।जनस्वास्थ्य र राष्ट्रको अर्थतन्त्र अभिन्न रूपमा जोडिएका हुनाले जनस्वास्थ्यको साटो पापी उद्योगलाई प्राथमिकता दिने नीति कुनै पनि हालतमा काम गर्न सक्दैन। अझ, जनस्वास्थ्य भन्दा जनस्वास्थ्यलाई गम्भिर हानि पुर्याउने उद्योगको नाफा र आफ्नो झिनो स्वार्थलाई प्राथमिकता दिने सरकार आफ्ना नागरिकहरूका लागि खतरा हो।

तसर्थ, बार्षिक ३९ हजार बढी नेपालीको ज्यान लिने सुर्तीजन्य पदार्थलाई नियन्त्रण गर्नुको सट्टा त्यस्ता पदार्थलाई प्रवर्धन र संरक्षण गर्ने गरी आएको बजेट बक्तव्यको हामी घोर भर्त्सना गर्दछौं।

एक्सन नेपाल
काठमाडौं